# सातौं अध्ययन
# आत्मा, प्राण र शरीर

मानिस आत्मा, शरीर र प्राण हो. हाम्रो व्यक्तित्वमा यी तीनै अंगहरुको काम के के र यी एकआपसमा कसरी सम्बन्धित छन् भन्ने कुरा हामीले बुझ्नु आवश्यक छ.

**मानवीय आत्मा**

*शरीरले शरीरलाई जन्माउँछ, तर आत्माले आत्मा जन्माउँछ.* (यूहन्ना ३:६)

हामी शरीरमा जन्मिदा हाम्रो मानवीय आत्मा सारा इच्छा र उद्देश्यमा कामै नलाग्ने हुन्छ. हामी आत्मिक रीतिले मरेतुल्य भएका हुनाले त्यो निस्क्रिय हुन्छ. परमेश्वरसँग हाम्रो संचार वा संगति हुँदैन. हाम्रो मानवीय आत्मा जीवित छैन, किनभने हामी आत्माद्वारा जन्मिएका छैनौं.

येशूले भन्नु भयो, "साँच्चै म तिमीलाई भन्छु, यदि कोही नयाँ गरी जन्मिएन भने उसले परमेश्वरको राज्य (स्वर्ग) देख्ने छन. "(यूहन्ना ३:३)

यहाँ भनिएजस्तै आत्मिक पुनर्जन्म नहाउन्जेलसम्म हाम्रो आत्माले हामीमाथि कुनै प्रकारले प्रभाव पार्न सक्दैन. तर नयाँ जन्म भैसकेपछि हामी आफैं परमेश्वरलाई थाहा पाउन सक्छौं. व्यक्तिगत तवरले हामी उहाँको कुरा सुन्न र उहाँसंग बोल्न सक्छौ. हाम्रो शरीर पवित्र आत्माको मन्दिर हुन्छ, किनकि परमेश्वर हामीमा रहन आउनु भएको हुन्छ. यसरी मात्रै हाम्रो आत्मा परमेश्वरप्रति सचेत बन्छ अथवा पवित्र आत्मा आउनुभएर हामीभित्र बस्न सक्नुहुन्छ.

**प्राणले हाम्रो जीवनका तीनवटा पक्षहरु समेटदछः**

क) दिमाग (मन) : हाम्रो सोचाई तथा बौद्धिक प्रक्रिया

ख) भावना: हाम्रो उद्वेग तथा अनुभव

ग) इच्छा (विवेक) : छान्न सक्ने क्षमता तथा के गर्ने भन्ने निश्चयता.

येशूले शिक्षा दिनुहुँदा प्रयोग गर्नुभएको शव्दलाई 'प्राण' अथवा 'जीवन' भनेर अनुवाद गर्न सकिन्छ. प्राण स्वाभाविक मानिसको अभौतिक अंग हो. वास्तवमा 'त्यो' नै 'ऊ' हो. प्राण मान्छेको व्यक्तित्व तथा चरित्र हो. हामी परमेश्वरको आत्मामा नयाँ गरी नजन्मिएसम्म प्राणले नै हाम्रो जीवन चलाई राखेको हुन्छ. आइलागेका परिस्थितिहरुमा हामी आफ्नो सम्पूर्ण दिमागले सामना गर्ने र आफ्नै निर्णय दिने गर्दछौं, अनि हाम्रो भावना तथा उद्वेगमाथि प्रशस्तै ध्यान दिन्छौं र प्रायजसो तिनलाई आफूमाथि शासन गर्न दिन्छौ.


## शरीर देह

भौतिक देहले प्राण र आत्माको लागि घरको काम गर्दछ. हाम्रो प्राणको अवस्थाको अनुभूति अनुसार हाम्रो शरीरले काम गर्दछ भन्ने यथार्थ निश्चित गर्दछ. हाम्रो दिमागले जे सोच्दछ, शरीरले त्यही अनुसार प्रतिक्रिया देखाउँछ. शरीरले हाम्रो भावना तथा उद्वेग प्रकट गर्दछ र प्राणको इच्छा अनुसार निर्णय गरिएको कुरामा प्रत्युत्तर जनाउछ.

जब हामी नयाँ गरी जन्मन्छौं, हाम्रो यो शरीर पवित्र आत्माको लागि बस्ने ठाउँ वा मन्दिर बन्दछ. यसको अर्थ हामी परमेश्वरको आत्माको निर्देशनमा जिउन सक्छौं भन्ने हुन्छ. उहाँले हाम्रो मानवीय आत्मामा जीवनको सास फुक्नुहुन्छ र हाम्रो जीवनको सम्पूर्ण प्रवाह र गति परिवर्तन हुन्छ. अब, हामी प्राण र शरीरका सबै नकारात्मक प्रभाव र शक्तिको अधीनमा रहन छाडेर परमेश्वरले जस्तै आफ्नो आत्माद्वारा हाम्रो आत्मामा स्पर्श गर्नुहुन्छ, हामीभित्र परमेश्वरको सामर्थ्यले काम गरिरहेको भन्ने कुरा जान्न सक्छौ.

त्यसकारण, प्राणमाथि उचित नियन्त्रण कायम राखेर हाम्रो दिमाग, भावना र इच्छालाई परमेश्वरको उद्देश्य बताउँदै हाम्रो आत्माले काम गर्न थाल्न सक्दछ. पवित्र आत्माले प्राणद्वारा गर्नु हुने काम अनुसार हाम्रो शरीर परमेश्वरको इच्छा र उद्देश्य पूरा गर्ने काममा निर्देशित हुनसक्छ.

*त्यसकारण यदि कोही ख्रीष्टमा छ भने ऊ नयाँ सृष्टि हुन्छ, पुराना कुराहरु बितिगए, अब हेर नयाँ आएकोछ* (२को ५:१७).




अक्रिश्चियन क्रिश्चियन

**तपाईंको मनको नविकरण**

शरीरका पांचै इन्द्रियहरु (स्पर्श थाहा पाउने, स्वाद, दृष्टि, गन्ध र श्रवण) सबै दिमागसंग सम्बन्धित हुन्छन् र त्यसले एउटा कम्प्युटरले झैं काम गर्छ. हाम्रो दिमाग (मष्तिष्क) मा जे कुरा प्रवेश गर्दछ हामी त्यही अनुसार सोच्न थाल्दछौं. अब उप्रान्त हाम्रो दिमागमा संसारले गरे जस्तै गरी केही कुरा नभर्न बाइबलले प्रोत्साहित गर्दछ. बरु मनमा अर्कै कुराहरु हालेर मनलाई परिवर्तन गर्दै हामीले आफ्नो दिमागलाई नविकरण हुन दिनुपर्छ.

*यस संसारको ढांचामा नचल, बरु आफ्नो मनमा नयाँ भई पूर्ण रुपले परिवर्तित होओ, र परमेश्वरको असल, ग्रहणयोग्य र सिद्ध इच्छा के हो, त्यो तिमीहरुले जाँच्न सक* (रोमी १२:२).

प्राण र शरीर परमेश्वरको आत्माको लागि प्रवेशद्वार हुन् र उहाँ क्रिश्चियनहरुको जीवनमा वास गर्नुहुन्छ. परमेश्वरको इच्छा अनुसार काम नगरिरहेको दिमागले हाम्रो आत्मिक प्रगतिमा बाधा हाल्दछ. यसर्थ हामीले यी काम गर्नु आवश्यक छ.

- परमेश्वरको कामको निम्ति हाम्रो मनलाई तयार पार्नु पर्छ (१पत्रुस १:१३ हेर्नुहोस )
- के बिचारहरुलाई ख्रीष्टको आज्ञाकारी हुन बाध्य तुल्याउनु पर्छ (२कोरिन्थी १०:५ हेर्नुहोस)
- परमेश्वर सम्बन्धी बिचार र धारणाहरुद्वारा हाम्रो दिमाग ढाकिनु पर्छ (हेर्नुहोस फिलिप्पी ४:८, ९ तितस २:११, १४)
- हाम्रो दिमागलाई परमेश्वरको वचनले भरिदिनु पर्छ (हेर्नुहोस् हिब्रू ४:१२, १३ र २तिमोथि ३:१६, १७)

वास्तवमा, हामीले आफ्नो मन (दिमाग) र कामहरुलाई सम्पूर्ण रुपले परमेश्वरमाथि समर्पण गर्नु पर्छ (रोमी १२:१ हेर्नुहोस्). पवित्र आत्माले हामीभित्र बसेर परमेश्वरको इच्छा अनुसार जिउने तरीका देखाउन चाहनु हुन्छ. हामीले आफ्नै इच्छा अनुसार जिउने हो वा परमेश्वरको आज्ञाकारी हुने हो भनेर छान्नु पर्छ. हाम्रो दिमागले एउटा नयाँ क्रिश्चियनको रुपमा ख्रीष्टलाई चिन्नुभन्दा पहिलेझैं बिचार गर्न छाडेर नयाँ कुरा सोच्न थाल्नुपर्छ. अहिले तपाईं क्रिश्चियन हुनु भएको छ, तपाईंको सोचाई तथा बिचारमा परिवर्तन आउनु पर्छ. यसको लागि समय र अनुशासन आवश्यक पर्छ. तपाईं जब आफ्नो पञ्चेन्द्रीय (सुन्ने, सुंघ्ने, देख्ने, स्वाद र स्पर्श थाहा पाउने) ले अह्राएका कामहरु तथा पुरानो शारीरिक इच्छा अनुसार गर्नुभन्दा बढता परमेश्वरको अगुवाईमा तपाईंले आफ्नो दिमागलाई समर्पित गरिदिनु पर्छ त्यसपछि तपाईंको दिमाग (मन) परमेश्वरले चाहनु भए जस्तै हुनेछ.

परमेश्वरको आत्मा हाम्रो आत्माद्वारा ←—— **मन** ——→ पाँच इन्द्रियहरु शैतान र हाम्रा पुराना सोचाई

हाम्रो मनमा परेको (बाहिरी) प्रभावहरु

**प्रश्न तथा संकेत**

१) के हाम्रो मन परिवर्तन हुनु नै पर्छ ? (रोमी ८:५,६ एफिसी २:३ र ४:१७-१८)

२) तपाई कुनै कुरा आफ्नै बिचार अनुसार सोच्न सक्नु हुन्छ वा कहिलेकाहिँ परिवर्तन हुनु पर्ने कुरा सोच्नु हुन्छ ?

३) तपाईलाई परिवर्तन हुन परमेश्वरले मदत गर्नु होला ? (१थिस्सलोनिकी ५:२३, २४)

४) के हाम्रो सम्पूर्ण जीवनलाई परमेश्वरको पवित्र आत्माको नियन्त्रणमा समर्पित गर्नु जरुरी छ ? (रोमी ८:१२-१४; १कोरिन्थी २:९-१६)

**प्रार्थना**

महान परमेश्वर, तपाईंले आफ्नो पवित्र आत्मासंग मेरो आत्मालाई जीवित बनाइदिनु भएकोमा म तपाईलाई धन्यबाद दिन्छु. मैले सोच्ने र गर्ने तरीकामा धेरै परिवर्तन आउनु पर्दछ भनी म जान्दछु. मभित्र वास गर्नुहुने पवित्र आत्माको नियन्त्रणमा म मेरो जीवन सुम्पिदिन्छु. तपाईंले इच्छा गर्नुभए जस्तै गरी मलाई परिवर्तन गर्नुहोस् र म अझै राम्रोसंग तपाईंको सेवा गर्न तपाईंको इच्छा अनुसार जिउन सकूं. मलाई आत्मा, शरीर र प्राणमा तपाईंले चाहनु भए जस्तै बनाउनुहोस्. म येशूको अमूल्य नाऊँमा यो प्रार्थना गर्दछु. आमेन.